annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ५१ पृष्ठ १० | काठमाडौं, बिहीबार ६ असार २०८१ | जेष्ठ शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४४ | THURSDAY, JUNE 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# एउटा यस्तो नगरपालिका, जहाँ एउटै बर्थिङ सेन्टर छैन

## नगरपालिका बनाउने, पूर्वाधार नबनाउने ?

धनुषाको कमला नगरपालिकाका करिब ८० प्रतिशतभन्दा बढी महिलाले अझै घरमै बच्चा जन्माउनुपर्ने बाध्यता छ। नगरपालिकामा ९ वडा छन्। तर, कुनै पनि वडामा न त सुविधासम्पन्न स्वास्थ्यचौकी छ, न बर्थिङ सेन्टर नै। अस्पताल जानै पर्ने बाध्यता आइहाले, २४ किलोमिटर टाढा जनकपुर पुग्नुपर्ने अवस्था छ।

समाचार पृष्ठ २

**मनिका झा** | *जनकपुरधाम*
– को रिपोर्ट



स्वास्थ्य जाँचसमेत नगराई घरमै सुत्केरी भएका मग्राहाकी सुधिरा यादव र पुनम यादव। ● मनिका झा

## गुणी गिद्ध



**कृष्णप्रसाद भुसाल**

इजलास

गिद्ध 'प्रकृतिको कुचीकार' हुन्। यिनले मरेका जनावरको सिनो र फालेको मासुजन्य फोहोर खाई हाम्रो वरपरको वातावरणलाई प्रदूषित, दुर्गन्धित र रोगमुक्त बनाउँछन्। संसारमा गिद्ध मात्र यस्ता प्राणी हुन् जसको आहार मरेका जनावरको सडेगलेको मासु मात्रै हो। गिद्धले सिनोबाट हुने जमिन, जल र वायु प्रदूषण तथा त्यसबाट उत्पन्न हुने सरुवा रोगको महामारीलाई नियन्त्रण गर्न सहयोग गर्छन्।

हिन्दू धर्ममा गिद्धलाई सनी देवताको बहानका रूपमा हेरिन्छ। नेपालको हिमाल पारीका जिल्लामा बसोबास गर्ने तिब्बती लामा समुदायले आफन्तको मृत्युपश्चात् शव गिद्धलाई खुवाउने प्रचलन अहिले पनि कायम छ। नेपालमा ९ प्रजातिका गिद्ध पाइन्छन्। करिब अढाइ दशक अघिसम्म संसारमा सबैभन्दा सजिलै र ठूलो संख्यामा देख्न पाइने चरा गिद्ध आज सबैभन्दा तीव्र गतिमा घटिरहेको प्रजाति हो।

सन् १९८० को दशकमा नेपालमा अनुमानित १० देखि १६ लाखको संख्यामा पाइने गिद्ध हाल ९० प्रतिशतभन्दा बढीले घटी २० हजारभन्दा कममा सीमित छन्। गिद्ध विनाशको प्रमुख कारण घरपालुवा पशु उपचारमा प्रयोग गरिने औषधि डाइक्लोफेनेक हो। यसलाई नेपाल सरकारले सन् २००६ मा प्रतिबन्ध लगाएको थियो। गिद्ध संरक्षणका लागि सुरक्षित औषधि मेलोक्सिक्यामको उत्पादन, गिद्धलाई सुरक्षित आहार खुवाउने जटायु (गिद्ध) रेस्टुरेन्टको सञ्चालन, हानिकारक औषधिको प्रयोगमा निरुत्साहन र समुदाय सचेतना जस्ता कार्यले पछिल्ला वर्षहरूमा गिद्धको घट्ने दर रोकिएको छ। तर, पनि गिद्ध अझै खतरामुक्त छैनन्।

जिउँदो जनावरलाई आक्रमण नगरी मरुन्जेल कुर्ने, आजीवन एउटै जोडी मिलेर बस्ने, भाले पोथी मिलेर काम गर्ने, समूहमा बस्ने र खाने गुनी गिद्धको संरक्षणका लागि पशु उपचारमा हानिकारक औषधिको प्रयोग रोक्नुपर्छ। सिनोमा विष नहालौं, गिद्धलाई शुद्ध आहरको ब्यवस्था गरौं र यिनको बासस्थान जोगाउँ।

*(भुसाल बिगत डेढ दशकदेखि नेपालमा गिद्धको अध्ययन र संरक्षणमा लागिपरेका छन्। उनले हालै 'गिद्ध: प्रकृतिका कुचीकार' पुस्तक पाठकमाझ ल्याएका छन्।)*

# सीधा कुराविरुद्ध अदालतको अवहेलना मुद्दा बृहत् पूर्ण इजलासमा

## 'अडियोमा भनिएका व्यक्ति अन्नपूर्ण पोस्ट्को कार्यालयमा उपस्थित रहेको पाइएन'

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले सीधा कुरा डटकमविरुद्धको अदालतको अवहेलना मुद्दा बृहत् पूर्ण इजलासमा पेस गर्न आदेश दिएको छ।

न्यायाधीश डा. कुमार चुडाल र विनोद शर्माको इजलासले यो मुद्दालाई बढी न्यायाधीश सम्मिलित इजलासबाट निरुपण गर्नु उचित हुने जनाउँदै पेसी आदेश दिएको हो। सीआईबीले पेस गरेको प्रतिवेदनलाई इंगित गर्दै आदेशमा भनिएको छ, 'सो प्रतिवेदन हेर्दा उक्त अडियो क्लिप प्रत्यर्थी राजकुमार तिमिल्सिनाको मोबाइल फोनमा डाउनलोड गरिएको र सो अडियो क्लिप सोही मोबाइल फोनबाट रेकर्ड गरिएको, अन्नपूर्ण पोस्ट्को प्रधान कार्यालयमा रहेको भवनमा प्रत्यर्थी राजकुमार तिमिल्सिनाले उल्लेख गरेका नामका व्यक्तिहरू उपस्थित नरहेको, नदेखिएको समेत भनी बेहोरा उल्लेख भएको देखिन्छ।'


### कपोलकल्पित रूपमा सिर्जित हो वा होइन ?

सर्वोच्चले सीधा कुरा अनलाइन डटकम र त्यसका प्रकाशक तथा सम्पादक विरुद्धको मुद्दा बृहत् पूर्ण इजलासमा पठाउन आदेश गर्नुको कारणबारे प्रष्ट्याएको छ।

'प्रस्तुत मुद्दामा पेस हुन आएको भिडियो क्लिप मोबाइल फोनमा डाउनलोड गरिएको, विवादित संवादका सम्बन्धमा वैज्ञानिक परीक्षण प्रतिवेदनबाट उक्त संवाद कपोलकल्पित रूपमा सिर्जित भई सोही विवादास्पद संवादको आधारमा सर्वोच्च अदालतका न्यायाधीश, विद्वान् कानुन व्यवसायी, सञ्चारक्षेत्र एवं सम्मानित व्यक्तित्वहरूउपर लाञ्छना लगाउने, मानमर्दन गर्ने कार्य भएको हो वा होइन ? भन्ने महत्वपूर्ण सवालको निरुपण हुनुपर्ने,' निष्कर्ष सर्वोच्चले निकालेको छ। तथ्यपरक एवं सत्य साँचो विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं प्रकाशन स्वतन्त्रता समेतका समुल पक्षको ठोस र उपयुक्त तवरबाट न्यायिक व्याख्या भई दीर्घकालीन पक्षसमेत निर्देश हुनुपर्ने देखिएकाले भन्दै उक्त मुद्दाको निरुपण बढी न्यायाधीश सम्मिलित इजलासबाट हुन उपयुक्त देखिएको आदेशमा उल्लेख छ।

### अन्नपूर्ण पोस्ट्को कार्यालयमा कोही गएको पाइएन

नेपाल प्रहरी प्रधान, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सीधा कुरा डटकमले प्रसारित गरेको अडियो क्लिपमा राजकुमार तिमिल्सिनाले उल्लेख गरेका नामका व्यक्तिहरू अन्नपूर्ण पोस्ट्को प्रधान कार्यालयमा उपस्थित नरहेको, नदेखिएको प्रतिवेदन पेस गरेको छ। अदालतको आदेशमा यो खुलाइएको छ।



लाजिम्पाटमा ... सो सम्बन्धमा जाँच गई प्राप्त प्रतिवेदन समेत मिसिल संलग्न रहेको छ। सो प्रतिवेदन हेर्दा उक्त अडियो क्लिप प्रत्यर्थी राजकुमार तिमिल्सिनाको मोबाइल फोनमा डाउनलोड गरिएको र सो अडियो क्लिप सोही मोबाइल फोनबाट रेकर्ड गरिएको, अन्नपूर्ण पोष्टको प्रधान कार्यालय रहेको भवनमा प्रत्यर्थी राजकुमार तिमिल्सिनाले उल्लेख गरेका नामका व्यक्तिहरु उपस्थित नरहेको, नदेखिएको समेत भनी व्यहोरा उल्लेख भएको देखिन्छ।

नेपालको संविधान तथा प्रचलित कानूनले विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं सञ्चारको हक समेतको संवैधानिक प्रत्याभूति गरेको पांइन्छ। साथै, यस्ता विचार र अभिव्यक्ति एवं सञ्चार वा प्रसारण स्वतन्त्रताको सिमा समेतको व्यवस्था गर्दै कुनै पनि व्यक्तिको सम्मानपूर्वक र मर्यादायूक्ततवरबाट बाँच्ने पाउने अधिकारको संवैधानिक संरक्षण समेत गरेको छ। साथै असत्य, भ्रमपूर्ण, अफवाहजनक समाचार सम्प्रेषणलाई कानून निषिद्ध कार्य भंनी सजाय समेतको व्यवस्था गरेको पाइन्छ। त्यस्तै अफवाहपूर्ण समाचारबाट अदालतको अवहेलनाजन्य कार्य हुनजाने भएमा अदालतको अवहेलनामा दण्डनीय कसूर हुने समेतका प्रचलित कानूनी व्यवस्था रहेको देखिन्छ।

साथै, अधिवक्ता तोयानाथ ढुङ्गाना विरुद्ध कान्तिपुर पब्लिकेशन प्रा.लि. सेन्ट्रल बिजेनस पार्क समेत भएको अवहेलना मुद्दामा (०७४-CF-०००९) अदालतको अवहेलना सम्बन्धी विधिशास्त्रिय अवधारणा, सजाय सम्बन्धी मान्यता, मौलिक हक र स्वतन्त्रताको सन्दर्भमा सञ्चार क्षेत्रले खेल्ने भूमिका र न्याय सम्पादन सम्बन्धी अदालतको शक्तिलाई अक्षुण्ण राख्न कोरिनु पर्ने सिमा समेतको न्यायिक विवेचना भएको देखिन्छ।

यस्तो स्थितिमा, प्रस्तुत मुद्दामा पेस हुन आएको भिडियो क्लिप, मोबाइल फोनमा डाउनलोड गरिएको विवादित संवादका सम्बन्धमा वैज्ञानिक परीक्षण प्रतिवेदनबाट उक्त संवाद कपोकल्पित रुपमा सृजित भई सोही विवादस्पद संवादको आधारमा सर्वोच्च अदालतका न्यायाधीश, विद्वान कानून व्यवसायी, सञ्चारक्षेत्र एवं सम्मानित व्यक्तित्वहरु उपर लाञ्छना लगाउने मानमर्दन गर्ने कार्य भएको हो वा होइन? भन्ने महत्त्वपूर्ण सवालको निरुपण हुनुपर्ने देखिन्छ। त्यस्तै प्रकारले यस अदालतको बृहतपूर्ण इजलासबाट ०७४-CF-०००९ समेतको मुद्दामा भएको न्यायिक विवेचना एवं निष्कर्ष समेतका रोहबाट भविष्यमा समेत स्वःकल्पित वा स्वःसृजित वा अफवाहजनक घटना/वारदात खडा गरी न्यायाधीश/न्यायालय, विद्वान कानून व्यवसायी, सम्मानित व्यक्तित्वहरु लगायत सर्वसाधारणहरुको मान प्रतिष्ठामा गम्भीर आँच

सीधा कुरा नामक युटुब, लगायतका सामाजिक सञ्जालबाट वैशाख १४ गते र तत्पश्चात् शृंखलाबद्ध रूपमा अपलोड गरी प्रसारित ४ सयभन्दा बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ अप्रेसन समेतको शीर्ष राखी प्रसारण गरिएको थियो। त्यसपछि सर्वोच्च अदालतको संयुक्त इजलासले श्रव्यदृश्यमा उठाइएको विषयवस्तुको सत्य, तथ्य तथा प्राविधिक पक्षको समेत विस्तृत अनुसन्धान गर्न सीआईबीमा पठाउने आदेश दिएको थियो। सो सम्बन्धमा जाँच गरी पेस गरिएको प्रतिवेदनमा 'अन्नपूर्ण पोस्ट्को प्रधान कार्यालय रहेको भवनमा प्रत्यर्थी राजकुमार तिमिल्सिनाले उल्लेख गरेका नामका व्यक्तिहरू उपस्थित नरहेको, नदेखिएको' उल्लेख छ।

सर्वोच्च अदालतका उपरजिस्टार गोविन्दप्रसाद घिमिरेले कपोलकल्पित, भ्रामक तथा नियोजित ढंगले समाचार प्रकाशन गरी न्याय सम्पादनको कार्यमा अवरोध सिर्जना गरी अदालतको अवहेलना गरेकाले उक्त कार्यमा संलग्न सबैलाई हदैसम्मको सजाय गरी पाउँ भनी रिट निवेदन दायर गरेका थिए। सो रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले श्रव्यदृश्यमा उठाइएको विषयवस्तुको सत्य, तथ्य तथा प्राविधिक पक्षको समेत विस्तृत अनुसन्धान गर्न सीआईबीमा पठाउने आदेश दिएको थियो।

### नजिर बन्ने निश्चित

सर्वोच्चले यस मुद्दालाई गम्भीर रूपमा लिँदै यसअघि नै विचार तथा अभिव्यक्ति स्वतन्त्रताको विषय जोडिएको मुद्दा ७ सदस्यीय इजलासबाट टुंगो लागेको जनाउँदै बढी न्यायाधीश सम्मिलित इजलासबाट विवाद निरुपण हुनुपर्ने राय दिएको छ। सर्वोच्चमा बृहत् पूर्ण इजलासमा पाँच वा सोभन्दा बढी न्यायाधीश सम्मिलित हुन्छन्।

यसअघि सर्वोच्चको ७ जना न्यायाधीश सम्मिलित बृहत् पूर्ण इजलासले अधिवक्ता तोयानाथ दाहालले कान्तिपुर पब्लिकेसन्स प्रालिविरुद्ध दिएको अदालतको अवहेलना मुद्दा फैसला गरेको थियो। यस मुद्दामा गठन भएको इजलासको संरचनासमेत विचार गरेर बढी न्यायाधीश सम्मिलित इजलासमा पठाउन आदेश गरेको हो। 'यस अदालतको बृहत् पूर्ण इजलासबाट ०७४- सीएफ-००९ समेतको मुद्दामा भएको न्यायिक विवेचना एवं निष्कर्ष समेतका रोहबाट भविष्यमा समेत स्वकल्पित वा स्व: सिर्जित वा अफवाहजनक घटना/ वारदात खडा गरी न्यायाधीश/ न्यायालय, सम्मानित व्यक्तित्वलगायत सर्वसाधारणको मान प्रतिष्ठामा गम्भीर आँच पुऱ्याउने गरी हुन सक्ने कार्य वा प्रकाशन वा प्रसारण एवं विचार अभिव्यक्तिको संभावना, दण्ड, सजाय क्षतिपूर्ति समेतको समुचित सम्बोधन हुने अत्यावश्यक देखिन आयो,' आदेशमा भनिएको छ।

'अत एवं तथ्यपरक एवं सत्य साँचो विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं प्रकाशन स्वतन्त्रता समेतका समूल पक्षको ठोस र उपयुक्त तवरबाट न्यायिक व्याख्या भई दीर्घकालीन पक्षसमेत निर्देश हुनुपर्ने देखिएकाले प्रस्तुत विवादको निरुपण ०७४- सीएफ-००९ को मुद्दामा गठन भएको इजलास समेतको संरचनालाई विचार गरी बढी न्यायाधीश सम्मिलित इजलासबाट उपयुक्त देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ (२) (च) बमोजिम पेसी व्यवस्थापन निर्देशक समिति समक्ष प्रस्तुत अवहेलना मुद्दाको निवेदन पेस गर्नू। प्रस्तुत अवहेलना मुद्दाको संयुक्त इजलासको लगत कट्टा गर्नू।

» बाँकी पृष्ठ ६

## निर्वाचन बदरको माग गर्दै खनालले सर्वोच्चमा हालेको मुद्दा हारे





**काठमाडौं** (अन्नपूर्ण) : इलाम-१ बाट प्रतिनिधिसभा सदस्यमा पराजित एकीकृत समाजवादीका नेता झलनाथ खनालले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा हारेका छन्। निर्वाचन बदर गरी पुन: निर्वाचन गराई पाउँ भन्दै खनालले हालेको मुद्दा बुधबार सर्वोच्च अदालतको संवैधानिक इजलासले खारेज हुने फैसला सुनाएको हो।

२०७९ मंसिरमा भएको निर्वाचनको नेता खनाललाई नेकपा एमालेका महेश बस्नेतले पराजित गरेका थिए। बस्नेतले २५ हजार ७५३ मत ल्याउँदा खनालले २३ हजार ८९ मत प्राप्त गरेका थिए। आफूले हार बेहोर्नु परेपछि खनाल सर्वोच्च पुगेका थिए। निर्वाचनको मतदानमा धाँधली भएको दाबीसहित नेता खनालले इलाम १ मा पुन:निर्वाचन गर्न माग गरेका थिए।

रिट खारेज भएसँगै बस्नेतले वैधानिकता पाएका छन्। खनालको रिटमा २०७९ पुस ६ गते कारण देखाऊ आदेश जारी भए पनि त्यसपछि सुनुवाइ हुन सकेको थिएन। आज विश्वम्भरप्रसाद श्रेष्ठ, प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, मनोजकुमार शर्माको पूर्ण/ संवैधानिक इजलासमा मुद्दा परेको थियो।

## नोबेल पुरस्कार विजेता मोहम्मदीलाई जेल सजाय

**तेहरान** (एएफपी) : इरानको एक अदालतले नोबेल शान्ति पुरस्कार विजेता नरगेस मोहम्मदीलाई 'राज्यविरुद्ध प्रचार' गरेको आरोपमा एक वर्षको कारागार सजाय सुनाएको उनका वकिलले बताएका छन्। इरानमा महिलाका लागि अनिवार्य हिजाब र मृत्युदण्डको सजायविरुद्धको वकालत गरेको आरोपमा ५२ वर्षीय मोहम्मदीलाई सन् २०२१ नोभेम्बरदेखि कारागारमा राखिएको छ।

'मोहम्मदीलाई प्रणालीविरुद्ध गलत प्रचार गरेको आरोपमा एक वर्षको कारागार सजाय दिइएको थियो', वकिल मुस्तफा निलीले सामाजिक सञ्जाल एक्समा भने। उनले 'यो सजाय जारी गर्नुको कारण' मा संसदीय निर्वाचनको बहिष्कार गर्ने आह्वान, स्विडिश र नर्वेली सांसदहरूलाई पत्र र 'श्रीमती दिना गालिबफका बारेमा टिप्पणीहरू' बताए। मोहम्मदीले मार्चमा कारागारबाट अडियो सन्देश साझा गर्दै इरानमा 'महिलाविरुद्ध पूर्णस्तरको युद्ध' को निन्दा गरेकी थिइन्।